अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


वीरगंज महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ०३ संख्या: ०३ मिति: २०७७/०६/३०

भाग-२

वीरगंज महानगरपालिका कार्यालय


## वीरगंज महानगरपालिकाको सहकारी नियमावली ,२०७८

Scanned with CamScanner

# वीरगंज महानगरपालिकाको सहकारी नियमावली, २०७८

वीरगंज महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वीरगंज, पर्सा

Scanned with CamScanner

प्रमाणिकरण गर्नेको नाम- विजय कुमार सरावगी
पद- नगर प्रमुख
प्रमाणीकरण मिति: २०७८।०३।०८

# वीरगंज महानगरपालिकाको सहकारी नियमवाली ,२०७८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी वीरगंज महानगरपालिकाले यो नियमवाली बनाएको छ ।

**(१) संक्षिप्त नाम र प्रारम्भ:** (१) यो नियमावलीको नाम वीरगंज महानगरपालिकाको सहकारी नियमावली २०७८ " रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

(३) यो नियमावली वीरगंज महानगरपालिका भर लागु हुनेछ

२ . परिभाषा :विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) " ऐन "भन्नाले वीरगंज महानगरपालिको सहकारी ऐन , २०७४ लाई सम्झनु पर्छ

(ख) "अनुदान भन्नाले वीरगंज महानगरपालिकाले तोकेको क्षेत्र सिमा प्रकृतिमा लगानी गर्ने वीरगंज महानगरपालिका वा वडा कार्यालयवाट प्राप्त सहयोग सम्झनुपर्छ' ।

(ग) कर्जा वा ऋण भन्नाले चल अचल सम्पती,धितो बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानी लिई वा नलिइ सहकारी संस्थाले लिएको व्याज सहित भुक्तान गर्ने रकम र सदस्यलाई दिएको कर्जा वा ऋण साँवा,व्याज र हर्जाना समेतको रकम सम्झनु पर्छ ।

(घ) कार्यालय भन्नाले वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालय आर्थिक विकास महाशाखालाई सम्झनुपर्छ

(ङ) नियमित वचत भन्नाले सदस्यले दैनिक,साप्ताहिक,पाक्षिक,मासिक वा वाषिक रुपमा गर्ने वचत रकम सम्झनुपर्छ

(च) वहुउदेश्र्याय सहकारी संस्था भन्नाले दुई वा दुई भन्दा बढी उदेश्य लिई काम गर्ने सहकारी संस्था सम्झनुपर्छ

(छ) “मन्त्रालय” भन्नाले भूमी व्यवस्था,सहकारी तथा गरिव निवारण मन्त्रालय र “प्रदेश मन्त्रालय” भन्नाले भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय“प्रदेश.न. २ लाई सम्झनुपर्छ ।

(ज) "व्यवस्थापक" भन्नालेसहकारी संस्था व्यवस्थापक वा प्रबन्धकलाई सम्झनुपर्छ ।

(झ) "रजिष्टार भन्नाले संघिय सहकारी ऐन र प्रदेश सहकारी ऐन बमोजिमको रजिष्टार सम्झनुपर्छ । र सो शब्दले ऐनको दफा ७० वमोजिम तोकिएको दर्ता गर्ने अधिकारीलाई समेत जनाउँछ ।

(ञ)“संस्थागत पुँजी” भन्नाले सहकारी संस्थाको पछिलो आर्थिक वर्षका जगेडा कोष, अन्य कोषहरु,पुरस्कार तथा अनुदान प्राप्त रकम समेतलाई सम्झनुपर्छ ।

३ . **संस्था दर्ताको दरखास्तकको ढाँचा र पेश गर्नुपर्ने बिवरण** : (१) ऐनको दफ ५ को उपदफा(१) बमोजिम दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीवाट अधिकार प्राप्त अधिकारी समक्ष संस्था दर्ता गर्नको लागि अनुसूचि १ वमोजिम दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम १ वमोजिम संस्था दर्ताको लागि दस्तखत दिंदा सम्भाव्यता संलग्न अध्यन प्रतिवेदन अनुसूचि–२ को ढाँचामा र आवेदकहरुको विवरण अनुसूचि-३ को ढाँचामा दस्तखत साथ संलग्न गरी पेश गनुपर्नेछ ।

(३) उपनियम(१) वमोजिम संस्था दर्ताको लागि दरखास्त दिंदा ऐनको दफा ५को उपदफा(२) मा उल्लेखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नुपर्नेछ ।

(क) प्रारम्भिक भेलाका निर्णयहरु,

(ख) अनुसूचि-४ को ढाँचा व्यावसायिक कार्ययोजना,

Scanned with CamScanner

(ग) अनुसूचि-५ को ढाँचामा सदस्यबाट संकलित शेयर पुँजी तथा प्रवेश शुल्क वापत संकलित रकमको भरपाई ।
(घ) अनुसूचि-६ को ढाँचामा तदर्थ संन्चालक समितिका सदस्यहरुको विवरण ।
(ङ) अनुसूचि-७ को ढाँचामा स्व-घोषण-पत्र ।
(च) अनुसूचि-८ को ढाँचामा अधिकार प्रत्यायोजन-पत्र ।
(छ) आवेदकहरुले कम्तीमा एक दिवसीय पूर्वसहकारी शिक्षा प्राप्त गरेको प्रमाण ।
(ज) आवेदकहरुको नेपाली नागरिकता प्रमाण- पत्रको प्रतिलिपी ।
(झ) कार्य क्षेत्र भित्र बसोबास गरेको पुष्टयाई हुने प्रमाण ।
(ञ) आवेदकहरु प्रत्येकले संस्थाको कार्य योजना बमोजिम सेवा उपयोग गर्ने आधार,
(ट) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आवद्धताको परिचय पत्रको प्रतिलीपी ।
(ठ) वीरगंज महानगरपालिका बनाईएको कार्यविधि,मापदण्ड,निर्देशिका तथा परिपत्र बमोजिम अन्य विवरण ।

(४) <u>संस्था गठन,दर्ता तथा संचालन</u> : (१) ऐनको दफा ३ को उपदफा(३) बमोजिम पेशागत सङ्गठनका आधारमा संस्था गठन गर्दा देहायका शर्तहरु पूरा भएको हुनु पर्छ ।
(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत सङ्गठनका सदस्यहरु मात्र सदस्य हुनु पर्ने,
(ख) संस्थाको कार्यक्षेत्र बढीमा महानगरपालिका भित्र मात्र हुनु पर्ने ।
(ग) एक जिल्लामा आफ्नो पेशागत सङ्गठनको एक मात्र प्रारम्भिक संस्था गठन भएको हुनुपर्ने ।

५. **<u>बचत तथा ऋण सहकारी संस्थाको मापदण्ड</u>** :(१)ऐनको दफा ६ बमोजिम महानगरपालिकाको वडाको जनसंख्याका आधारमा प्रत्येक पाँच हजार जनसंख्या एउटा संख्या भन्दा बढी नहुने गरी स्थानिय तहमा वचत तथा ऋण सहकारी संस्थामा दर्ता गर्नु पर्नेछ ।
(२) उपनियम (१) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा महानगरपालिका भित्र कार्यक्षेत्र सिमित भएका तथा वडा भित्र कार्यालय रहेका वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरुको मात्र आधार लिइनेछ ।
(३) उपनियम (१) र (२) बमोजिमको मागदण्ड भन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरुको यो नियम प्रारम्भ भएको मितिले तिन बर्ष भित्र नियम बमोजिम एकिकरण गरी सक्नु पर्नेछ ।
तर महिला मात्र संस्था एकिकरण गर्दा महिला मात्र सदस्य भएको संस्था संग वा एकिकरण पश्चात पनी महिलाहरुको नेतृत्व सुनिचित हुने गरी एकिकरण गर्न सकिन्छ ।

(६) <u>संसथाको कार्यक्षेत्र पुन निर्धारण आधार तथा प्रकृया</u> : (१) ऐनको दफ ९ को उपदफा (६) बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहाय विशेष व्यावसायिक आवश्यकताको आधारमा लिनु पर्नेछ ।
(क) उत्पादनको सङ्कलन संचय प्रशोधन सुविधाका दृष्टिले न्यूतम आयतन(भोल्युम) कायम गर्न आवश्यक भएको
(ख) निश्चित भौगोलिक क्षेत्र सम्म कायम भएको ।
(ग) सिंचाई सुविधा प्राविधिक रेखदेख रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाइ कायम गर्नु पर्ने भएको ।
(घ) सेवाको माग प्रति एकाइ लागत संचालन खर्च व्यवस्थापकीय रेखदेख स्थिर सम्पतीको उपयोग समेतबाट फैलाउ आवशयक भएको ।
तर मौजुदा कार्यक्षेत्रको वडामा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मुनासिब स्तर हासिल नभए सम्म कार्य क्षेत्र विस्तार गर्नु हुदैन ।
(२) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रकिया पूरा गर्नु पर्छ ।
(क) मौजुदा कार्यक्षेत्र संस्थाको सदस्यता उवं सेवा विस्तारको लेखाजोखा(वडागत रुपमा जम्मा व्यावसायिक कारोवार पाँच प्रतिशत भन्दा बढी भएको)
(ख) थप गरिने कार्यक्षेत्र संस्थाको सेवा माँग भएको ।
(ग) कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २२ उपदफा(१) विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनुचित गरिएको

Scanned with CamScanner

(घ) ऐनको दफा ९ को उपदफा(६) बमोजिम अनुसुचि(९) को ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ र दर्ता गर्ने अधिकारीले विनियम संशोधन प्रकिया पूरा गरी पेश गर्न आदेश दिने सक्नेछ ।

(३) ऐनको दफा ९ को उपदफा(६) बमोजिम संसथाले देहायका विवरण पेश गर्नु पर्नेछ ।

(क) मौजुदा कार्यक्षेत्र संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सर्म्पक केन्द्र अनुसारको संचालन खर्च कारोवार र नाफा-नोक्सानको विवरण ।

(ख) मौजुदा कार्यक्षेत्रको वडा अनुसार सदस्यहरुको नाम,थर,ठेगाना,शेयर र बचत विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले संचालन गरेको उधोग,लगानी र व्यावसायिक सेवा सुविधाहरुको वडा अनुसार विवरण

(४) ऐनको दफा ९ को उपदफा(६) बमोजिम कार्यक्षेत्र घटाउन मांगभई आएमा निर्देशन दिंदा झिकिने कार्यक्षेत्रमा १० प्रतिशत भन्दा कम सदस्य रहेको वा हुनु पर्नेछ ।

७. <u>संयुक्त रुपमा वा साझेदारी कारोवार,व्यवसाय, उधोग वा परियोजना संचालन</u> :(१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम दुई वा दुई भन्दा बढी संस्थाले संयुक्त रुपमा वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देशाय बमोजिम आधारमा कारोवार, व्यवसाय उधोग वा परियोजना संचालन गर्न सकिनेछ

(क) सम्बन्धित संस्थाका सदस्यहरुको आवश्यकतामा आधारित उत्पादन मूल्य शृङ्खला विकास, बजार पहुच तथा निर्यात प्रबन्धकको प्रयोजन हुनुपर्ने ।

(ख) प्रस्ताविक कारोवार,व्यवसाय। उधोग वा परियोजनाको स्वामित्व,स्रोत परिचालन, संचालन विधि, सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल विवरण लगायत व्यवसायिक प्रस्तावनाको विस्तृत रुपरेखा तयार गरिएको हुनुपर्ने ।

(ग) प्रस्ताविक संयुक्त वा साझेदारी कारोवार,व्यवसाय,उधोग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने ।

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना सम्बद्ध संस्थाहरु प्रत्येकको साधारण सभा कुल सदस्य संखयाको बहुमतबाट पारित भएको हुनुपर्ने ।

(ङ) खण्ड(घ) बमोजिम पारित प्रस्तावना संयुक्त रुपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्वन्धमा सम्बद्ध संस्थाहरु बिच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनु पर्छ ।

(च) प्रचलीत कानुन बमोजिम स्थानीय तह वा निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नु पर्ने भए गरिएको हुनुपर्ने ।

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय संचालन गर्नेको लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृत लिनु पर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम(१) को अधिनमा रही अन्तर-सहकारी सहयोगको भावनाले आवश्यकतानुसार विषयगत वा अन्य उदेश्य वा बहुउदेश्यीय संस्थाहरु मिली संयुक्त वा साझेदारी व्यवसाय संचालन गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम कार्य पुरा गरी सम्वन्धित संस्थाहरुले तत्सम्वन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारीले पैतिस (३५) दिन भित्र आवश्यक जाँचबुझ गरि संयुक्त रुपमा वा साझेदारीमा कारोबार संचालन गर्ने अनुमती दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमती दिएकोमा दर्ता गर्ने अधिकारीले सोको अभिलेख छुटै दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

(६) यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोवार,व्यवसाय,उधोग वा परियोजनाले दर्ता अधिकारीले तोकेको ढाँचामा नियमित रुपमा प्रगती प्रतिवेदनका साथै बार्षिक लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) संयुक्त वा साझेदारी कारोवार,व्यवसाय,उधोग वा परियोजना संचालन सम्वन्धमा अन्य व्यवस्था बिरगंज महानगरपालिका कार्यविधि बनाई तोक्न सक्नेछ ।



Scanned with CamScanner

(८) **सहकारी संस्था विनियम** :(१) ऐनको दफा १७ को उपदफा(१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसुची-१० मा उल्लिखित बिषयहरु समावेश गर्नु पर्नेछ ।

(२) सहकारी बैंक, बचत तथा ऋणको विषयगत संघ, संस्था, बहुउदेशिय संघ, संस्था जस्ता वित्तिय सहकारी संघ, संस्थाबाहेक उत्पादक सहकारी संस्था, सेवा सहकारी संस्था (श्रमिक संस्था, स्वास्थ्य संस्था, यातायात संस्था) उपभोक्ता भण्डारसमेतका उपभोक्ता सहकारी संस्थाको विनियममा बचत तथा ऋणको कारोबार गर्ने गरी उदेश्य वा कार्य समावेश गर्नु हुदैन ।

(३) सहकारी संस्थाको प्रकृति हेरी दर्ता अधिकारीले थप विषयहरु विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ :-

९. **सदस्यताको समाप्ति** :(१) ऐनको २३ बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको अभिलेखबाट देखिएको हुनुपर्छ।

(क) त्यस्तो सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) त्यस्तो सदस्यको सदस्यता समाप्ति सम्बन्धी आधारका सम्बन्धमा संचालक समितिले उपसमिति बनाई छानबिन गरी प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) बमोजिमको उप समितिले आफ्नो सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिएको हुनुपर्ने,

(घ) संचालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिम संचालक समितिको निर्णय चित्त नवुझेमा साधारण समितिमा उजुरी गर्नु पर्नेछ । साधारण सभाको निर्णय उपर चित्त नवुझेमा दर्ता अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरुलाई-यो नियमावली लागु भएको मितिले एक वर्षभित्र स्व-घोषणा गर्न सुचना दिनुपर्नेछ र प्रचलित कानुन बमोजिम दुई वर्षभित्र हटाई सक्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त सुचनाका आधारमा ऐनको दफा २२ को उपदफा (१) विपरित दोहोरो सदस्यताको हकमा निजले चाहेको संस्थाले सदस्यता कायम राखी अन्य संस्थाले ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यता अन्त्य नर्गुपर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले ऐनको दफा २२ को उपदफा (१) विपरित कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सवभन्दा पहिला लिएको संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र त्यस्ता संस्थाले तदनुसार सदस्यता अन्त्य गर्नुपर्नेछ ।

१०. **साधारण सभाको बैठक** :(१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरुले समयमै प्राप्त गर्ने गरी पत्राचार इमेल वा एस.एम.एस,रेडियो,पत्रपत्रिका लगायत सम्भव भए सम्म स्थानीय संचारका बहुमाध्यमवाट दिनु पर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरु स्वयम् उपस्थित हुनुपर्नेछ ।

(३) समिति साधारण सभाको बैठकमा पेश गरिने बिषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरुलायृ बैठक बस्नु अगावै यथाशक्य छिटो उपलब्ध गराउनु पर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

(४) साधारण सभा बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, संचालकहरुका साथै समितिको कुल सदस्य संख्या भन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरु मध्येबाट चुनेका सदस्यहरुले प्रत्येक पानामा सही छाप गरी प्रमाणित गर्नुपर्दछ ।

(५) सदस्य संख्या एक हजार पाँच सय नाधेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परि वडा-वडा वा पायकको स्थान-स्थानमा समान कार्यसूची राखेर साधारण सभाको बैठक डाक्नु पदा

Scanned with CamScanner

प्रत्येक स्थानमा संचालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु सबैलाई उपस्थितका लागि डाक्न पर्दछ

(६) उपनियम (५) मा उल्लिखित अवस्थामा प्रत्येक बैठकको अध्यक्षता गर्ने व्यक्ति र समितिका पदाधिकारी जम्मा संखयाको कम्तीमा दोब्बर संख्या पुग्ने गरी छनौट भएका सदस्यहरुबाट निर्णय प्रमाणित गनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमे भएका निर्णयहरु साधारण तथा नियमित बैठक बसेको सात दिन भित्र संस्थामा प्राप्त गरी प्रत्येक बैठकबाट समितिका पदाधिकारीको जम्मा संख्याको कम्तीमा दोब्बर संख्या पुग्ने गरी कम्तीमा तिन जनाका दरले चुनिएका प्रतिनिधिहरुले प्रत्येक पानामा सही छाप गरी अन्तिम निर्णय प्रमाणित गर्नुपर्नेछ ।

(८) सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक संचालक वा सुपरिवेक्षक समितिका पदाधिकारीहरुले उपनियम (७) बमोजिम प्रमाणि हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुने छैन ।

११. **संचालक समितिका बैठक** :(१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ तर दुई बैठक बिचको अवधि साधारणतया पैतालिस दिन भन्दा बढी हुने छैन ।

(३) उपनियम (२) को अवधी भित्र उपनियम (१) बमोजिम बैठक नबोलाइएमा बहुमत सदसयले बैठक बोलाउन उपाध्यक्ष समक्ष लिखित अनुरोध गर्ने सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा उपाध्यक्षले सात दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(४) उपनियम (३) बामेजिम बैठक नबोलाइएको अवस्थामा बहुमत संचालक सदसयहरु उपस्थित भई संचालक समितिको बैठक राख्न सक्नेछन् ।

(५) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत संचालकबाट प्रमाणित गर्नुपर्नेछ ।

(६) समितिको बैठकको गणपुरक संख्या समितिको कुल सदस्यको बहुमत हुनेछ ।

(७) बैठकाके अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा संचालकहरु मध्ये ज्येष्ठ सदस्य गर्नेछ ।

१२. **समितिको काम,कर्तव्य र अधिकार** : ऐनको दफा ३२ मा उल्लिखित कार्यका अतिरिक्त सदस्यको काम,कर्तव्य र अधिकार देशाय बमाृजिम हुनेछ ।

(क) संस्थाको संमग्र कार्य संचालनमा सदस्यहरुको रचनात्मक सहभागिता सुनिचित गर्ने ।

(ख) सदस्यहरुलाई नियमित सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमण कायैमा सहयोग पुरयाउनुका साथै प्राप्त निर्देशानहरुको कार्यान्वयन व्यवस्था मिलाउने ।

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरु कायान्र्वयन गर्ने गराउने ।

(ङ) संस्थाको कार्य संचालनमा पारर्शिता कायम राखी सम्पती शुद्धीकारण -मनी लाउन्डरिङ) निवारण सम्वन्धी प्रचलीत कानुन बमोजिम व्यवस्थाहरुको कार्यान्वयन गर्ने गराउने ।

(च) आवश्यकतानुसार उपसमितिहरु गठन गर्ने ।

(छ) सदस्य तथा पदाधिकारीहरुका लागि आचारसंहिता बनाई लागु गर्ने ।

(ज) विनियममा उल्लिखित अन्य कार्यहरु गर्ने ।

१३ . **उदेश्यविपरित कार्य गरेको मानिने** : बचत तथा ऋणको मुख्य कारोवार गर्ने बहुउदेश्यीय वा विषयगत संस्थाले ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समय भित्र बचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाको बखत उललेख गरिएको मुख्य कारोवार नगरेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा ६७ को उपदफा (३) को खण्ड (ग) को प्रयोजनार्थ उदेश्य विपरित कार्य गरेको मानिनेछ ।

१४ . **सदस्यको रकम फिर्ता** : (१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनु पर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन पारित भएको बढीमा तिस दिन भित्र संस्थाले निजलाई फिर्ता दिनुपर्छ ।

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम ।



Scanned with CamScanner

(ख) निजले भुक्तानी बाँकी संरक्षित पुँजी लाभाँश बापतको रकम ।
(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता बापतको रकम ।
(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी संसथा घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट सामुनुपातिक रुपमा घटाई बाँकी रहेको हिसावमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनु पर्नेछ ।
(३) ऐनको दफा ४३ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेको बखत ब्याज सहित तुरुन्त फिर्ता दिनुपर्नेछ ।

१५ . **संरक्षित पुँजी फिर्ता कोषको विवरणको आधार** : (१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको विवरण गर्दा देहाय बमोजिम बार्षिक कारोवारको आधार लिनु पर्नेछ ।
(क) उत्पादन संस्थामा सदस्यले स.स्थालाई बिकी गरेको उपजको खरिद मूल्य ।
(ख) बचत तथा ऋण संस्थामा सदस्यले ऋणमा तिरेको ब्याज वा बचतमा प्राप्त गरेको ब्याज र अन्य उभोक्ता संस्थामा सदस्यले संस्था संग खरिद गरेको वस्तु वा सेवाको मूल्य ।
(ग) श्रमिक संसथामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला ।
(घ) बहुउदेश्यीय संस्थामा खण्ड (क)(ख) र (ग) मा उल्लिखित आधार ।
(२) उपनियम (१) को खण्ड मा जुनसुकै कुरा लेखिएको भएता पनी उत्पादन संस्थाले सदस्यलाई आवश्यक सामाग्री विकी गरेकोमा त्यस्तो कारोवारलाई समेत गणना गर्ने सकिन्छ ।
(३) उपनियम (१) को खण्ड (ख) वोमेजिमको कोषको रकम वितरण गर्दा बचत रकमको लागि चालिस प्रतिशत र ऋणमा तिरेको ब्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिन्छ ।
(४) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनी ऋणको भाखा नधाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइने छैन ।
(५) संरक्षित पुँजी फिर्ता कोषको रकम सदस्यको अवस्थाका उपभोक्त सदस्य संग कुनै कारोवार गरेको रहेछ भने त्यसतो सदस्यलाई समेत गर्नु पर्नेछ ।
(६) उपनियम (५) बमोजिम कारोवार गरेकोसदस्य संग सर्म्पक हुन नसेकेको अवस्थामा त्यस्तो सदस्यले प्राप्त गर्ने रकम संस्थाको जगेडा कोषमा सार्नु पर्नेछ ।
(७) गत आर्थिक वर्षको कारोवारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालु आर्थिक बर्ष भित्र वितरण गरि सक्नु पर्नेछ ।
(८) उपनियम (६) वमोजिम कुनै आर्थिक वर्षमा कुनै कारणवंश वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्ष अन्त्यमा जगेडा कोषमा सार्नु पर्नेछ ।
(९) संरक्षित पुँजी फिर्ता सम्वन्धी अन्य व्यवस्था दर्ता अधिकारीको निर्णय बमोजम हुनेछ ।

१६ . **अन्य कोष सम्बन्धी व्यवस्था** : (१) सहकारी संस्थाको कुनै बर्षको खुद बचतको रकमबाट कम्तीमा पचिस प्रतिशत रकम एनको दफा ४७ वमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्ती पच्चीस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम सहकारी प्रवद्धन कोषमा छेट्टयाएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहाय बमोजिम कम्तीमा पाँच प्रतिशत रकम नघट्ने गरी दरले छुटयाई वितरण गर्नु पनेृछ ।
(क) सहकारी शिक्षा कोष
(ख) शेयर लाभांश कोष
(ग) कर्मचारी बोनस कोष
(घ) सहकारी विकास कोष
(ङ) घाटापूर्ति कोष
(च) सामुदायिक विकास कोष

Scanned with CamScanner

(छ) साधारणसभाले स्वीकृत गरेको गरेको सिथरीकरण कोष

(ज) साधारण सभाले तोकेको अन्य कोष

(२) उपनियम (१) को खण्ड -ग) बमोजिम कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढमि तिन महिनाको तलब बढी नहुने गरी रकम सवतरण गर्नु पर्नेछ ।

(३) सहकारी प्रवर्द्धन कोषको रकम परिचालन संघिय सहकारी नियमावली २०७५ को नियम २६ बमोजिम हुनेछ ।

(४) सहकारी संसथाले साधारण सभाबाट निर्णय गरी कोषहरुको व्यवस्थापन गर्न सक्नेछ ।

१७ . **अभिलेख** : (१) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य संचालनको अभिलेखका साथै आफुले गरेको कारोबारको प्रचलित कानुनले तोकेको लेखामान तथा ढाँचा अनुसार राख्नुपर्नेछ

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब खाताबही तथा विवरण समेत राख्नुजनेछ ।

(क) सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, विशेष साधारण सभा र समिति लेखा सुपरिवेक्षक समिति उप समितिहरुको बैठकहरुको छुटाछुटै कारवाई किताब ।

(ग) नगदी बही ।

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संङ्घ संस्था वा निकाय संग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब ।

(ङ) शेयर दर्ता किताब ।

(च) मालसमानको मौज्दात(स्टक) दर्ता किताब ।

(छ) ऋण लेनदेन दर्ता किताब ।

(ज) बेरुजु एंव सम्परिक्षण खाता

(ञ) प्रचलित मानुनले तोकेको ढाँचा बमोजिम हिसाब परिक्षा सूची आय-व्यय र स्थिती विवरण पत्र ।

(ट) अनुदान प्राप्ति र परिचालन खाता ।

(ठ) समय समयमा प्रचलित कानुनले तोकी दिएको अन्य अधिलेख एंव खाताहरु ।

(३) पाँच करोड रुपैया भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नु पर्ने अभिलेख प्रचलित कानुनले तोके बमोजिम मापदण्ठ पुरा भएको विधसतीय उपयोग कार्यक्रमणिक - एप्लिकेशन सफ्टवेयर( मा समेत व्यवस्थित गर्नु पर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संसथागत तथा व्यावसायिकक रोबारको विवरण सहकारी हेर्ने बिरगंज महानगरपालिकाको सहकारी शाखा र सहकारी बिभागले तोकेको सहकारी तथा गरिब निवारण मन्त्रालयको सूचना वयवसथापन प्रणाली मा अनिवार्य प्रविष्ट गर्नु पर्नेछ । तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुन बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्ने बाधा पु-याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोवारकोविवरण पुष्ठ सुरक्षा -ब्याकअप) व्यवसथा सहित संरक्षण गर्नु पर्नेछ ।

१८ . **छुट, सुबिधा र सहुलियत** : (१) ऐनको दफा ५७ को उपदफा(१) को खण्ड -ख) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पती खरिद गर्दा आय टिकट दस्तुर छुट सुबिधा वा सहुलियत प्राप्त गर्ने सम्बन्धीत संस्थाले देहायको विवरण सहित संघिय रजिष्टर समक्ष निवेदन दिनु पर्नेछ ।

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुबिधा लिई अचल सम्पती खरिद गरेको भए जग्गा धनी लालपुर्जा र सम्बन्धित कागजातको प्रतिलिपी ।

(ख) साधारणसभाको बैठकबाट घर जग्गा धनीको नाम नामेसी घर जग्गा रहेको ठेगाना कित्ता नम्बर क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपी ।

Scanned with CamScanner

(ग) अचल सम्पती खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पुँजीबाट खरिद गर्ने पुग्न लेखा परिक्षकबाट प्रमाणित वित्तिय विवरण ।

(घ) अघिल्लो आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन उल्लेख गरिएको भन्दा थप शेयर पूँजी जगेडा कोष र बचत रकमको लेखा परिक्षकबाट प्रमाणित गरेको वित्तिय विवरण ।

(ङ) बीरगंज महानगरपालिकाले सहकारी संस्थाको अनुगमन तथा निरिक्षण गर्दा कैफियत देखाइ सुधारका लागि निर्देशन दिएको भए उक्त सहकारी संस्थाल निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्य योजना

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी संधिय रजिष्टरले छुट सुविधाको लागि सम्वन्धित निकायमा लेखि पठाउन पर्नेछ ।

१९. **ऋण तथा बाँकी बक्यौता असुली** : (१) ऐनको दफा ५८ बमोजिम संस्थाको ऋण तथा बाँकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्ति जायजेथा लिलाम बिकी गरी असुल उपर गर्दा संस्थाले देहायका कार्यविधि अपनाउनु पर्नेछ

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटो म्याद बाहेक पैतिस दिन भित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न बुझाउनु आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्ने आउनु भनी पुर्जी पठाउनु पर्छ ।

(ख) खण्ड -क) बमोजिम म्याद पुँजी जारी गरिएकोमा उक्त म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइ सकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम बिकी गर्ने सूचना प्रकाशन गर्नु पर्नेछ

(ग( धितो राखेर घर जगगा जमिन मालपोत कार्यालयबाट रोका गराइएको छैन भने रोका लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(घ) धितो राखेको चल अचल सम्पतिको लिलाम बिकीको सूचना प्रकाशन गर्न पर्दा धितोको विवरण निजले बुझाउनु पर्ने साँवा,ब्याज र हर्जानाको रकम समेत उल्लेख गरी सूचना प्रकाशन गरेको मितिले चल सम्पती भए पन्द्र दिन भित्र र अचल सम्पती भए पैतालिस दिन भित्र लिलाम बिकी गरी साँवा ब्याज र हर्जानाको रकम असुल उपर गरी गरिने बारेको सूचना संस्थाको कार्यालय, स्थानीय तह, सम्वन्धित वडा कार्यालय,सार्वजनिक स्थान र ऋणलाई बुझाइ वा बुझ्न नमानेको हकमा घरद्धारमा टाँस गरी स्थानीय वा राष्टिय स्तरको कुनै एक दैनिक पत्र पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(ङ) लिलाम बिकी गर्दा कार्यालय खुलने समय देखि शुरु गरी बन्द हुने समय भन्दा बएक धण्टा अगााडी समाप्त गर्नु पर्नेछ तर लिलाम बिकी हुने भनी तोकिएको दिन बिदा पर्ने गएमा त्यसको भोली पल्ट सोही सथान र समयमा लिलाम विकी गर्नु पर्नेछ ।

(च) धितो लिलाम बिकी गर्दा लिलाम गरिने चल अचल सम्पतीको सम्बन्धित स्थानीय तह वा वडाको प्रतिनिधी,जिल्ला वा इलाका प्रशासन कार्यालयको प्रतिनिधि, लिलाम बिकी हुने ठाँउ नजिक कुनै सहकारी कार्यालय भए सो कार्यालय वा स्थानीय तहको मालपोत हेर्ने कर्मचारी सम्बन्धित विषयका प्राविधिक वा निकाय वा कार्यालय प्रतिनिधि र सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलन चल्तीको मोल कायम गरी सोही रकम भन्दा कम नहुने गरी बढाबढ गर्ने व्यक्तिहरु मध्ये सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिकी स्वीकृति र मुचुल्का गराई बिकी गर्नु पर्नेछ ।

तर संचालक समितिका पदाधिकारी,लेखा सुपरिवेक्षण समितिका पदाधिकारी,उप समितिका पदाधिकारी संस्थामा कार्यरत कर्मचारी र निज नजिकका नातेदारले डाँक बढाबढमा भाग दिन पाउने छैनन् ।

स्पष्टिकरण:नजिकको नातेदारभन्नालेबाबु,आमा,पति,पत्नी,छोरा,छोरी,बुहारी,दाजु,भाई,दिदिबहिनी,सासु,ससुरा,ज्वाई ,साला,सालीलाई सम्झनुपर्छ ।

(छ) खण्ड (च) बमोजिमका प्रतिनिधीको रोहबरमा लिलाम बिकीको शिल्बन्दी खोले पछि बिनियमले तोके बमोजिकको ढाँचाको फारम निजहरुले बोलेको अंक अक्षर स्पष्ट खोली निजहरुको सहिछाप गराउनु पर्नेछ ।

(ज) संस्थाले चलअचल सम्पती लिलामको डाँक बढाबढ गर्दा गोप्य शिलबन्दी आब्हान गर्नु पर्नेछ ।

Scanned with CamScanner

(२) लिखित रुपमा अनुरोध गर्दा पनी उपनियम (१) को खण्ड (च) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधी खटी नआएमा उपस्थित प्रतिनिधी र महानगरपालिकाका वडा कार्यालयका प्रतिनिधीलाई साक्षी राखी न्युनतम मूल्य कायम गरी लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पती लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाँउ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकार वाला व्यक्ति उपस्थित नआएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

(४) ऐनको दफा ५८ को उपदफा (६) बमोजिम धितो राखेर सम्पती लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पती सम्बन्धित सहकारी संस्थाले आफैले सकार गर्न सक्नेछ ।

२० . **लिलाम बिक्री स्थगित गर्न सक्ने** : लिलाम बिक्रीको सूचना प्रकासित भैसके पछि मुनासिब माफिकको कुनै कारण परी लिलाम बिक्री स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकासित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम बिक्री गर्ने केही समयको लागि स्थगित गर्न सक्नेछ ।

२१ . **असुल उपर हुन नसकेको रकम अरु जायजेथाबाट असुल उपर गर्ने** : (१) धितो राखेको सम्पती लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा,ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा बाँकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको नेपालको जुनसुकै ठाँउमा रहेको सम्पतीबाट एक बर्ष भित्र प्रचलित नियम बमोजिमको कार्य बिधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नु पर्नेछ ।

(२) मोही लिएको ऋणको हकमा निजले वा एकाघरको परिवारले कमाएको बाली लिलाम बिक्री गरी साँवा,ब्याजको हर्जाना रकम असुल उपर गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने सम्मको साँवा ब्याज र हर्जानाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकार वाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

२२ . **लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने** : (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन वा भोली पल्ट धरौटीको रुपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले पन्द्र दिन भित्र बुझाई सक्नु पर्नेछ । सो म्याद भित्र नबुझाएमा धरौटी वापतको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मुल्यको दश प्रतिशत रकम यसै दिन वा भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पुरा मुल्य बुझाएमा निजको नाँउमा वा नियम १९ को उपनियम (४) बमोजिम संस्थाले सकारेमा संस्थाको नाममा सो जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिला खारेज समेत गरिदिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ

२३ . **जायजेथा संस्थाको एकिकरण** : (१) नियम १९ को उपनियम (४) बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ (६) महिना भित्र सम्बन्धित ऋणी सदस्यले आफुले तिर्नु बुझाउनु पर्ने साँवा र अघिल्लो दिन सम्मको ब्याज,हर्जाना र लिलाम प्रकिया संग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्नेछ ।

२४ . **सहकारी संस्थाको एकिकरण** : (१) ऐनको दफा ६६ बमोजिम वा दुई वा दुई भन्दा बढी संस्थाहरु एकिकरण गर्दा देहाय शर्तहरुपूरा भएको हुनुपर्ने ।

(क) कार्यक्षेत्र एक अर्का संग जोडिएको हुनुपर्छ

(ख) सदस्यहरु बिच साझा बन्धक समान हुनुपर्ने ।

(ग) एकै वा बिषय प्रकृतिका संस्था हुनुपर्ने वा फरक बिषय वा प्रकृतिका भएता पनी एकै स्थानमा रही दोहोरो सदस्यता रहेका र मुलत एकै बिषयमा प्रतिस्पर्धा भएको हुनु पर्छ ।

(घ) सदस्यहरुको प्रत्यक्ष सहभागिता एवंम लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने ।

Scanned with CamScanner

(२) उपनियम (१) बमोजिम एकिकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्य क्षेत्रको आधारमा स्थानीय तहको वडा वा वीरगंज महानगरपालिकाको क्षेत्र भित्र पर्ने गरी गरिनेछ ,

(३) उपनियम (१) मा जुनसकै कुरा लेखिएको भएता पनी मन्त्रालयको पूर्व स्वीकृती बिना मिति २०४९/०२/०२ अघि दर्ता भएका साझा सहकारी संस्थाहरुलाई अर्को संस्थामा एकिकरण गर्ने वा त्यस्ता संस्थाहरुको घर जग्गा लगायतका स्थिर सम्पती बेचबिखन गर्ने वा धितो राख्न वा पाँच बर्ष भन्दा बढी अवधिका लागि लिजमा दिनु हुदैन

तर कुनै सहकारी संस्थाले साझा संस्थाको विनियम तथा नाम स्वीकार गरी एकिकरण हुन सक्नेछ ।

(४) महिला सहकारी संस्थाहरु र विशेष रुपमा पिछडीएका समुदायमा स्थापित सहकारी संस्था अन्य विशेष उधम व्यवसाय संचालन गरिरहेका सहकारी संस्था संग सामान्यतया एकिकरण गरिने छैन ।

तर क्षमता बिकास, नेतृत्व बिकास तथा संङ्गठनिक गतिशिलता सुनिच्चता हुने गरी एकिकरण हुने भने बाधा पर्ने छैन

(५) एकिकरणमा सहभागी संस्थालाई दर्ता अधिकारीबाट नियम ३८ बमोजिम प्रोत्साहन गर्ने सकिन्छ ।

(६) एकिकरणको पूर्वका दुवै संस्थामा दायित्व व्यवस्थापन र कर बक्यौता भुक्तानी सम्बन्धमा स्पष्ट गर्नु पर्नेछ ।

(७) एककिरणका अन्य शर्त आधार र प्रकिया बिरगंज महानगरपालिकाबाट स्वीकृत कार्यविधि व्यवस्था भए बमोजिम हुनेछ ।

२५ . **सहकारी संस्थाको विभाजन :** (१) ऐनको दफा ६६ बमोजिम संस्थाको विभाजन गरी वा दुई वा दुइ भन्दा वढी संस्थाहरु कायम गर्दा देहायका शर्तहरु पुरा भएको हुनु पर्नेछ ।

(क) कार्य क्षेत्र कम्तिमा एक वडा भन्दा वढी हुनु पर्नेछ ।

(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्य संचालन सदस्यहरुको सकिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था हुनु पर्ने ।

(ग) सदस्य संख्या पाँच हजार भन्दा वढी हुनु पर्ने ।

तर एक भन्दा वढी वडाहरु कार्यक्षेत्र रहेको संस्थाहरुको विभाजन गरी एक वडा सम्म स्थानीयकरण गर्दा यो खण्ड लागु हुने छैन ।

(२) विभाजनका अन्य शर्त, आधार र प्रकिया बिरगंज महानगरपालिका बाट सवीकृत कार्य विधि मा व्यवस्था भए वमोजिम हुनेछ ।

२६ . **पूर्व सहमति लिनुपर्ने :** नियम २४ र २५ मा जुन सुकै कुरा लेखिएका भएता पनि नेपाल सरकार, प्रदेश सरकार वा नेपाल सरकार प्रदेश सरकारको निकाय,बैक बित्तिय संस्था वा दातु निकायको ऋण, अनुदान वा अन्य प्रकारका उल्लेख्निीय सहयोग रकम वा जेथा रकेको संस्थाको एकिकरण वा विभाजन गर्दा सम्बन्धित पक्षको पूर्व सहमती लिनु पर्नेछ ।

२७ . **जमानत दिने व्यक्तिको दायित्व :** (१) ऋणीको निमित जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हद सम्म मात्र सिमित रहनेछ ।

(२) प्रचलित कानुनको अधिनमा रही उपनियम (१) बमोजिम दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्ने सकिन्छ ।

२८ . **लिक्वीडेटर नियुक्ती** :(१) ऐनको दफा ६८ को उपदफा (२) बमोजिम सहकारी संस्थाको सम्पती लिक्वीडेशान गर्दा लिक्वीडेटर नियुक्ति गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिए भए तापनी बिरगंज महानगरपालिका भित्र कार्य क्षेत्र भएका संस्थाको हकमा वीरगंज महानगरपालिकाले आफू मातहतका अधिकृत वा कर्मचारी लिक्वीटेडरको रुपमा काम गर्ने तोक्ने सक्नेछ

२९ . **लिक्वीटेडरको काम र कर्तव्य र अधिकार :** ऐनको दफा ६८ अन्तर्गत नियुक्ति लिक्वीडेटरको काम कर्तवय र देहाय बमोजिम हुनेछ ।

Scanned with CamScanner

(क) बिघटन भएका संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नेको लागि यो संस्था वा हकवाला वा साविकवाला सदस्यहरु वा मृत सदस्यहरुको जायजेथाबाट बाँकी रकम नियम १९ र २१ को कार्य विधि अपनाई असुल उपर गर्ने ।

(ख) बिघटन भएका संस्था संग कुनै साहुको कुनै रकम बाँकी रहेको र सो कुरा संस्थाको हिसाब किताबमा चढाईएको रहेनछ भने त्यस्ता साहुलाई यो यती म्याद भित्र सो रकमको दावा गर्ने आउनु भनी वा सो बाँकी रहेको प्रमाणित नभए सम्म त्यती रकम वितरण नगरियोस भनी दाबा गर्ने आउनु भनी सूचना गर्ने ।

(ग) साहुहरु मध्ये कसैलाई प्राथमिकता दिने भने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था बिघटन गर्ने सिलसिलाम संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने

(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृत लिई संस्थाले गरेको वा संस्थाको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बिचमा मिलापत्र गराउने ।

(च) बिघटनको लागि आवश्यक देखेमा सदस्यहरुको बैठक बोलाउने ।

(छ) संस्थाको खाताबाही,कागजात, लिखित र जायजेथा जिम्मा लिने ।

(ज) संस्थाको सम्पती बेचबिखन गर्ने ।

(झ) सरोकारवालाहरु समेतको परामर्शमा संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने

(२) उपनियम (१) बमोजिमको अधिकारहरुको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संसथाको गठन,काम कर्तब्य,सम्पती वा अन्य कुराहरुको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्ने पक्ष , विपक्ष, साक्षीहरु र संस्थाको कुनै पदाधिकारी वा कर्मचारी आफूलाई आफू समक्ष उपस्थित सोधपुछ गर्ने सक्नेछ

३० . **लिक्वीडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकार** : नियम २९ वमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोह-याई देहाय वमोजिम गर्ने सक्नेछ ।

(क) निर्देशन बिपरित लिक्वीडेट्‌रले जारी गरेको आदेश खारेज गर्ने, वदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्ने ।

(ख) संस्थाको खातावाही,कागजात लिखित र जायजेथाहरु चेक गराउने ।

(ग) लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हक बन्देज तोकी दिन ।

(घ) लिक्वीडेटरले जाँचको हिसाव किताबको प्रतिवेदन लिन

(ङ) संस्थाको जायजेथा वितरण गर्ने अधिकार दिन ।

(च) लिक्वीडेटरलेपाउने पारिश्रमिक एंव भत्ताको निमित्त आवश्यक निर्देशन दिने ।

(छ) लिक्वीडेटरलाई पदवाट हटाई अर्का नियुक्त गर्न ।

३१ . **लिक्वीडेशन कामको समाप्ति** : (१) ऐनको दफा ६७ अन्तर्गत दर्ता खारेज गरिएको कारण विघठन भएको कोषवाट देहाय बमोजिमको प्राथमिकता कम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्ने सकिनेछ ।

(क) विघठनको कामको निमित्त भएको खर्चहरु फछ्यौट गर्ने ।

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्ने ।

(ग) कर्मचारीको तलब भत्ता दिने ।

(घ) ऋण भुक्तानी गर्ने ,

(ङ) अन्य भुक्तानी दिनु पर्ने रकमहरु दिने ।

(च)शेयर पुँजी फिर्ता दिने ।

(छ) लाभांश नवाडिएको समय जतिको हकमा प्रति बर्ष शेयर पुँजीको अठार प्रतिशतका दरमा नबढ्ने गरी लाभाँश वितरण गर्ने ।

(२) कुनै संस्थाको बिघटनको काम समात्त भई सके पछि पनि सो संस्थाको कुनै साहुले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा बिघटनको काम समात्त भएको मितिले तिन(३) महिना भित्र उक्त संस्थाको कोषको उपर त्यस्तो साहुले आफुले पाउनु पर्ने रकमको निमित्त दावी गरि सक्नु पर्नेछ । सो म्याद नाघे पछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

Scanned with CamScanner

३२ . **लिक्वीडेशन पछिको सम्पतीको उपयोग** : (१) ऐनको दफा ६९ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्यात् बाँकी रहन गएको सम्पतीको उपयोग देहाय बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा लेखिएका काममा खर्च गरी सक्दा पनी सम्वन्धित संस्थाको कोषको रकम बाँकी रहन आए उक्त रकम दर्ता अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकता क्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघठित संघ संस्थाको कार्य क्षेत्रमा सेवा पु-याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै संस्था

(ख) यो संस्था वा सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ संस्था

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीरगंज महानगरपालिकाले उपनियम (१) अनुसार खर्च गरि सके पछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी अभियानलाई योगदान पु-याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्ने वा शिक्षा, स्वास्थ्य वा महिला बालबालिका तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्न स्थानीय बिकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ

३३ **दर्ता गर्ने अधिकारीको काम कर्तव्य र अधिकार** : दर्ता अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) सहकारी संस्थाको दर्ता गर्नेको लागि परेको दस्तखत उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाण पत्र दिने ।

(ख) ऐन र यसको नियमावलीको अधिनमा रही सहकारी संस्थाले आफ्नो कार्य संचालन गर्न बनाइएको विनियम स्वीकृत गर्ने विनियम संसोधन तथा पुनलेखन र आन्तरिक कार्यविधि स्वीकृत गर्ने ।

(ग) ऐन र यसको नियमावलीको अधिनमा रही सहकारी संस्थाको एकिकरण विभाजन तथा कार्यक्षेत्र पुन  निर्धारण सम्बन्धी कार्य ।

(घ) नियमित रुपमा सहकारी संस्थाको निरिक्षण तथा हिसावकिताव जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरुको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने ।

(ङ) सहकारी संस्थाको लेखापरिक्षणको नियमित अनुगमन गरी निर्धारित अवधी भित्र लेखापरिक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरिक्षण गराउने ।

(च) विपन्न महिला,अपांगता भएका व्यक्ति ,मुक्त कमैया,मुक्त हलिया,भूमिहिन,कृषक,बेरोजगार श्रमिक र दलित तथा अल्पसंख्या जनजाती समेतका सिमानन्तकृत समूहको सहकारी संस्था वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारी उधोग धन्दा प्रवर्द्धन गर्ने योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने

(छ) सहकारी व्यवस्था, अन्तरसहकारी कारोवार तथा कृषि उपजको मुल्य शृङ्खला विकासका आयोजनाहरुलाई सहयोग पु-याउने ।

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरुको तर्जुमा संचालन तथा विस्तारका कार्यहरुको समन्वय गर्ने ।

(झ) सहकारी संस्थाको विकास सहकारी सिद्धान्त मूल्य मान्यताहरुको प्रचलन तथा सहकारी संस्थाहरुमा शुसासन कायम गराउनको आवश्यक निर्देशन दिने ।

(ञ) ऐन नियमावली अन्तर्गत बनेको निर्देशिका,मापदण्ड कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संसथाहरुलाइ ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा कारवाही गर्ने ।

(ट) ऐन यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु आवश्यकतानुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने ।

(ठ) आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र सहकारी संसथाहरुको बार्षिक निरक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने ।

(ड) वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाले सदस्यहरुको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्ने सक्ने अवस्था नरहेको वा संस्था लगातार तिन वर्ष सम्म घाटामा गएको लेखापरिक्षण प्रतिवेदनमा देखिएमा वा संस्थामा गम्भिर आर्थिक कठिनाई परि दामासाहीमा पर्ने सक्ने अवस्था रहेको भने निरिक्षण प्रतिवेदन उल्लेख भएमा दर्ता अधिकारीले त्यसता संस्थालाई सचेत गराउन बचत संकलनमा रोक लगाउन सक्नेछ ।

(ण) **निरिक्षण तथा अनुगमन सम्बन्धि बिशेष व्यवस्था** : यस ऐनको नियमवाली र अन्तर्गत बनेको निर्देशिका,मापदण्ड,कार्यबिधि र सहकारी बिभाग तथा मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

Scanned with CamScanner

३४. **निरिक्षण तथा अनुगमन सम्बन्धि बिशेष व्यवस्था** : (१) वीरगंज महानगरपालिका अन्तर्गतका सहकारी संस्थाहरुको निरक्षण तथा अनुगमण गर्ने कर्तव्य दर्ता गर्ने अधिकारीको हुनेछ ।

(२) उपनियम( १) वमोजिम निरिक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, नियमवली, विनियम तथा प्रचलीत कानुन वमोजिम संचालन तथा व्यवस्थापन भए गरेको नपाइएमा प्रचलित कानुन वमोजिम त्यस्ता सहकारी संस्था,संचालक,व्यवस्थापक, जिम्मेवार सदस्य तथा कर्मचारीहरुलाई कारवाही गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कारवाही गर्दा सदस्य तथा कर्मचारबिाट संस्थामा आर्थिक हिनामिना भएको देखिएमा सोको जिम्मेवार सदस्य तथा कर्मचारीका साथै संचालक समितिका पदाधिकारी समेत हुने र हिनामिना रकम निजहरुबाट प्रचलित कानुन बमोजिम असुल गरि सोमा लाग्ने दण्ड जरिवाना समेत असुल उपर गरिनेछ ।

(४) वचत तथा ऋणको मुखय कारोवार गर्ने सहकारी संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले पाँच(५) करोड वा सो भन्दा बढी रकमको कारोवार भएको संस्थाले एक वर्ष भित्र र अन्य संस्थाले तिन वर्ष भित्र मन्त्रालयले स्वीकृत व्यवस्थापन सूचना प्रणाली( COPOMIS) मा आवद्ध भइसक्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम संस्थाहरुले सुरक्षण वित्तिय संरचना,सम्पतीको स्तर,तरलता लगानीका क्षेत्र लगायत बीरगज महानगरपालिकाले तोकेको मापदण्डहरु पालना गर्नुपर्नेछ ।

(६) उपनियम (२) बमोजिमं तोकिएको मापदण्डको पालनाको अवस्था उपनियम (१) वमोजिमको सूचना प्रणालीका अधारमा दर्ता गर्ने अधिकारीले नियमित अनुगमन गरि सहकारी नियम पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(७) दर्ता गर्ने अधिकारीले पाँच करोड रुपैया भन्दा बढी कारोवार भएको संस्थाहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) यस नियम वमोजिम हुने निरिक्षण तथा अनुगमन सम्वन्धि व्यवस्था वीरगंज महानगरपालिकावाट स्वीकृत कार्य बिधि वमोजिम हुनेछ ।

३५ . **बार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण** : ऐन दफा ७४ उपदफा (२) को खण्ड(ङ) वमोजिम दर्ता अधिकारीले पेश गर्ने बार्षिक निरिक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरु वीरगंज वा मन्त्रालयले तोके वमोजिम हुनेछ

३६ . **अन्तर सहकारी कारोबार** :(१) ऐनको दफा ९४ वमोजिम अन्तर सहकारी कारोवार गर्दा संलगन संस्थाहरुको विनियममा निर्धारित सदस्यहरुको सदस्यहरुको आवश्यकताका आधार लिएको हुनुपर्नेछ ।

(२) संस्थाले सदस्य स्तरका स्थानीय उत्पादनको स्थानीय स्तरमा उचित मूल्य निर्धारण गरि वजारिकरण र सम्वन्धित अन्तर सहकारी कारोवारलाई बढावा गरि संयोजन गर्न सक्नेछ ।

(३) अन्तर सहकारी कारोवारमा संलग्न विभिन्न संस्थाका सदस्यहरुबाट उत्पादित उपज उग्रणी संस्थाको अवधारणावाट कुनै एक संस्था मार्फत उत्पादन,संकलन, प्रशोधन वजारिकरण गर्ने व्यवस्था मिलाउने गरि एकिकृत योजना संचालन गर्न सक्नेछन् ।

(४) बचत तथा ऋण सम्बन्धि अन्तर सहकारी कारोबारको हकमा सम्बद्ध सहकारी संस्थाहरुले सम्वन्धित विषयगत संघ वा सहकारी बैकका भुमिका समेत निर्दिष्ट हुने गरी मन्त्रालयले तोकेको मापदण्ड पालना गर्नु पर्नेछ ।

(५) अन्तर सहकारी कारोवार सम्वन्धि अन्य व्यवस्था बीरगंज महानगरपालिकाले स्वीकृत गरेको कार्यविधि तथा मापदण्डको पालना गर्नुपर्नेछ ।

३७ . **संस्थाले बिनियमावली बनाउनु पर्ने** : (१) सहकारी संस्थाले आर्थिक कार्यबिधि विनियमावली,शेयर तथा बचत परिचालक विनियमावली र लगानी व्यवस्थापन विनियमावली बनाउनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम संस्थाले उपनियम (१) मा उल्लिखित विनियमावलीका अतिरिक्त अन्य विनियमावली र आन्तरिक कार्यविधि समेत बनाउन सकिनेछ ।

३८ . **समान र पुरस्कार र प्रोत्साहन सम्वन्धि व्यवस्था** : (१) बीरगंज महानगरपालिकाले आधार र मापदण्ड अपनाई दर्ता गर्न अधिकारीले एकिकरण गर्ने संघ, संस्था। वा उत्पादन गर्ने वा सेवा प्रदान गर्ने संघ, संस्थाका सदस्य

Scanned with CamScanner

संस्था वा निकायलाई कदरपत्र,नगद पुरस्कार,कार्य क्षेत्र बिस्तार,सेवा केन्द्र वा बिकी केन्द्र स्थापना, अनुदान रकम प्रदान गरी सम्मान वा पुरस्कार प्रदानका लागि निति तय गरि दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत प्रदान गर्दा संस्थाका सदस्य सहकारी संस्थावा निकायहरुका लागि छुटा छुटै आधारहरू तय गरिनेछ।

३९. **विवाद निरुपण समितिको गठन** : (१) बीरगंज महानगरपालिकाले कार्यबिधि बनाई बिबाद निरुपण समितिको गठन देहाय बमोजिम गर्नेछ :-

(क) दर्ता गर्ने अधिकारीले तोकेको कम्तीमा अधिकृत स्तरको कर्मचारी : संयोजक

(ख) जिल्ला सहकारी संधको प्रतिनिधी

(ग) बिबादसंग सम्वन्धित जिल्ला बिषयगत सहकारी संधको प्रतिनिधि

(घ) महानगर सहकारी बिकास समितिको प्रतिनिधी

(ङ) सहकारी शाखाको कर्मचारी

(२) उपनियम (१) बमोजिमको समितिले बिवादसंग सम्बन्धित सहकारी संस्थाका एक-एक प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रित गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिमको विवाद निरुपण समितिले आफ्नो कार्यबिधि आफै तय गर्न सक्नेछ।

४०. **बाधा अडकाउ फुकाउने सम्बन्धी बिशेष व्यवस्था** : यो नियम तथा यस अन्तर्गत बनेको कार्यबिधि निर्देशिका र मापदण्डको कार्यान्वय सम्वन्धमा बाधा अवरोध पर्न गएमा त्यस्ता बाधा अडकाउ फुकाउने अधिकार बीरगंज महा नगरपालिकाको कार्यपालिकामा निहित रहनेछ ,

४१. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने** : बीरगंज महानगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरि अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

Scanned with CamScanner

अनुसुची -१
(नियम ३को उपनियम (१) संग सम्बन्धित)
दर्ता दस्तखतको ढाँचा

मिति २० /..../

श्री .........................
बीरगंज महानगरपालिका,नगर कार्यपालिकाको कार्यालय
विरगंज,पर्सा

**बिषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौ । उद्धेश्य अनुरुप संस्थाले तत्काल गर्ने कार्यहरुको योजना प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ राखि पेश गरेका छौ ।

संस्था सम्वन्धि विवरण :

क) प्रस्तावित संस्थाको नाम :
ख) ठेगाना :
ग) उद्धेश्य :
घ) कार्यक्षेत्र :
ङ) मुख्य कार्य :
च) दायित्व :
छ) सदस्य संख्या :
 १) महिला...........जना
 २) पुरुष.............जना
 ३) लैगिक...........जना अल्पसंख्या
ज) प्राप्त शेयर पूँजीको रकम रु........
झ) प्राप्त शेयर शुल्कको रकम रु.......

आवेदकहरुको तर्फबाट
नाम :
पद : तदर्थ संचालक समितिको अध्यक्ष
(प्रस्तावित...............सहकारी संस्था लि )

Scanned with CamScanner

## अनुसुची - २

(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

### सम्भाव्यता अध्ययन प्रतिवेदनको बिषय बस्तु

१.परिचय

२ संस्था गठन गर्नु पर्नेको कारण :

३. सदस्यताको जनसाङ्ख्यिक आधार :

४. सहभागिताको औचित्य :

५ .व्यवसायिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यवसायिक कारोवारको अनुमान :

५.२ सदस्यहरुको संरक्षण सुनिश्चित गर्ने आधारहरु :

५.३ कारोवारबाट हुने बचतको प्रक्षेपण :

६. पुँजी आवश्यकता र स्रोत :

६.१ आवश्यकताको अनुमान :

६.२ स्रोत :

६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरु :

७ . बजार बिश्लेषण :

७.१ नजिकको बजार :

७.२ टाढाको बजार :

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरु :

८ . कार्यक्षेत्र भित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या,सेवा सदस्यताको प्रकाशनमा प्रस्तावित संस्थाको औचित्य

९ . पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसक्ने कारण :

१० . महिला सशक्तीकरण र सामाजिक समावेशिकरण आयामहरु :

११ . जनशक्ति व्यवस्था :

१२ . संस्थाको बिकास र स्थायित्वका आधारहरु :

Scanned with CamScanner

## अनुसुची - ३
(नियम ३ को उपनियम (२) संग सम्वन्धित)
### आवेदकहरुको विवरण फारमको ढाँचा

| सि.न | बाजेको नाम थर | बुबाको नाम थर | पति वा पत्नीको नाम थर | आवेदकको नाम | उमेर | ठेगाना | पेशा | प्रति शेयर रकम | खरिद शेयर संख्या | सम्पर्क.न | औठा छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

Scanned with CamScanner

अनुसूची ५

भर्पाईको नमूना

(नियम ३ को उपनियम (३)को खण्ड -ग) सँग सम्बन्धित)

(भपाई दाता प्रस्तावित ...................................सहकारी संस्था लि.को तदर्थ सञ्चालक समितिका ............श्री ..................................आगे उक्त सहकारी संस्था लि.का सदस्यहरुको ..................प्रारम्भिक भेलाले मिति ............को निर्णय बामोजिम प्रति शेयर रु .................।-का दरले ..................जनाबाट जम्मा ....................कित्ताको हुन आउने जम्मा रकम रु...............।- (अक्षेरुपी .....................मात्र ) र प्रवेश शुल्क प्रतिव्यक्ति रु ................। -का दरले आउने रु ...............। अक्षेरुपी ................मात्र ) गरी जम्मा रु ................। -(अक्षेरुपी ............मात्र ) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भरपाईमा सहिछाप गरी ...............कार्यालयमा पेश गरेको छु । प्राप्त रकम हमल मेरो .................मा रहेको ...........हिसाब नं.....................मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफनै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राखेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुन बमोजिम कारबाही भएमा मेरो मन्जुरी छ ।

ईति सम्वत् २०........साल ..............महिना .................गते रोज ..........शुभम् ।

Scanned with CamScanner

## अनुसूची -७

(नियम ३ को उपनियम (३)को खण्ड -ङ) सँग सम्बन्धित)

### स्व घोषण-पत्रको नमूना

प्रस्तावित श्री ..........................सहकारी संस्था लि. दर्ता गर्न हामी तपसिल बमोजिमका आवेदकहरुले प्रचलित कानूनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्य कारण बाहेक अन्य कुनै कार्य नभएको र देहायमा र उल्लेखित कुराका साथै अन्य कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषण गर्दछौं :

हामी आवेदकहरु कोही पनि –

- यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं :
- बैंक,वित्तिय संस्था वा अन्य कुनै सहकारी संस्था /संघ/राष्ट्रिय सहकारी बैंकको कानूनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं :
- यस अघि सहकारी संस्था खोलि सदस्यहरुको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हेर्यौ:
- सम्पत्ति सुद्धिकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र
- सहकारी दर्शन , सिद्धान्त,मूल्य मान्यता र कानून बमोजिम स्वावलम्वन र पारस्पारिकताको भावनाबाट आफ्नो बहुआयमिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मन्जुर छौं ।
- उपयुक्त व्योहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम संहूला बुझउँला बुझाउँला भनी सहिछाप गर्ने -

| सि.नं. | सदस्यहरुको नाम/थर | नागरिकता नं.र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | सहिछाप |
|---|---|---|---|---|
| १. | | | | |
| २ | | | | |
| ३. | | | | |

Scanned with CamScanner

अनुसूची –८

(नियम ३ को उपनियम (३)को खण्ड च)सँग सम्वन्धि

अधिकार प्रत्यायोजनको नमूना

श्री दर्ता गर्ने अधिकारीज्यू,
वीरगंज महानगरपालिका ।

**विषय :-अधिकार प्रत्यायोजन सम्वन्धमा ।**

महोदय,

यस प्रस्तावित................सहकारी संस्था लिं.को मिति २०..../.../..मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने कममा प्रचलित कानूनबमोजिम प्रकिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारबाही गर्न निम्न दस्तखत नमूना भएको तदर्थ सञ्चालक समितिका ..........श्री ................श्री...........................र ....................श्री ......................समेतलाई अधिकार प्रत्यायोजन गरिइका व्यहोरा अनुरोध गर्दछौं ।

निजहरुले हाम्रो प्रतिनिधिकोरुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मन्जुर छौं

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| नाम /थर | ठेगाना | प्द | दस्तखत नमूना |
|---|---|---|---|
| १. श्री ............... | | | |
| २ श्री............... | | | |
| ३.श्री........................... | | | |

| सि.नं. | सदस्यहरुको नाम/थर | ठेगाना | सहिछाप |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

द्रस्टव्य :अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैकामे विवरण समावेश गर्नुपर्नेछ ।



Scanned with CamScanner

अनुसूची -९

नियम ६ को उपनियम (२) को खण्ड (घ) सँग सम्बन्धित )

(कार्यक्षेत्र पून : निर्धारणका लागि सहकारी संस्थाले पेश गर्न पर्ने निवेदनको ढाँचा )

**दर्ता गर्ने अधिकारीज्यू**

वीरगंज महानगरपालिकाको कार्यलय ।

विषय :-कार्यक्षेत्र पून निर्धारणसम्बन्धी प्रतिवेदन ।

संस्थाको नाम :

ठेगाना :

साविक कार्यक्षेत्र :

| सि.नं. | स्थान( म.न.पा.) वडागत | सदस्य संख्या | उक्त वडाको वर्तमान जनसंख्या | शेयर पूँजी ( रकम) | बचत निक्षेप (रकम) | लगानी रकम | जम्मा कारोबार का हिस्सा( प्रतिशत मा ) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१. वडागत सदस्यता विश्लेषण :

२. थप वा घटाउन माग गरिएका कार्यक्षेत्र :

३. थप वा घटाउन पर्ने कार्यक्षेत्रको कारण र औचित्य :

**छाप** **निवेदक संस्था**

Scanned with CamScanner

अनुसूची -१०
(नियम १० सँग सम्बन्धित)
विनियममा उल्लेख गर्नुपर्ने विषयहरु :

प्रस्तावना :

- संक्षिप्त नाम र प्रारम्भ
- संक्षिप्त नाम र ठेगाना
- परिभाषा र व्याख्या
- उदेश्य
- कार्यहरु
- कार्यक्षेत्र
- संस्थाको सदस्यता
- सदस्यताको लागि योग्यता
- सदस्यताका लागि निवेदन र प्राप्ति
- सदस्यताको अन्त्य
- सदस्यको निश्काशन
- सदस्यबाट राजीनामा
- पुन: सदस्यता
- सदस्यको काम , कर्तव्य र अधिकार
- सदस्यता खुल्ला रहने
- सदस्यता प्राप्ति , पुन : प्राप्ति र राजीनामा स्वेच्छिक हुनुपर्ने
- शेयर पूजी
- सदस्य बन्न कम्तीमा एक शेयर खरीद गर्नुपर्ने
- थप शेयर खरी गर्न सक्ने
- शेयर फिर्ता वा हस्तान्तरण
- प्रवेश शुल्क
- कृत्रिम छेकबार नलगाइने
- शेयर प्रमाणपत्र
- सदस्यको दायित्व सीमित हुने
- प्रारम्भिक साधारण सभा
- वार्षिक साधारण सभा
- विशेष साधारण सभा
- साधारण सभाको बैठक
- साधारण सभाको काम कर्तव्य र अधिकार
- साधारण सभाको निर्णय अनिवार्य हुने
- गाउँ टोल उपक्षेत्रिय बैठक
- गाउँ टोल उपक्षेत्रिय बैठकको कार्यहरु

Scanned with CamScanner

- गाउँ टोल उपक्षेत्रिय बैठकको कार्य व्यवस्था
- सञ्चालक समिति
- संचालक समितिको काम कर्तव्य र अधिकार
- समितिको बैठक
- लेखा सुपरिवेक्षेण समिति
- लेखासुपरिवेक्षेण समितिको काम , कर्तव्य र अधिकार
- समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यता वहाल रहन नसक्ने अवस्था
- उपसमितिहरुको गठन
- प्रतिनिधत्व
- उत्तरदायित्व श्रृखला
- अध्यक्षको काम , कर्तव्य र अधिकार
- व्यवस्थापकको नियुक्ति
- व्यवस्थापकको काम , कर्तव्य र अधिकार
- विशेष जिम्मेवारी
- कर्मचारीको नियुक्ति तथा सेवाका सर्तहरु
- कोषको व्यवस्था
- कोषको सुरक्षा
- कोषको उपयोग
- खाता सञ्चालन
- बचतको वितरण
- जगेडा कोष
- संरक्षित पूँजीफिर्ता
- लभाशं वितरण नगरिने
- जगेडाकोषमा रहक सार्नुपर्ने
- बचत संकलन गर्न सक्ने नसक्ने
- बचत संकलनमा सीमा
- ऋृण दिन सक्ने
- ऋृण प्रवाहमा सीमा
- ऋृण वाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
- साधारण सभाको स्वीकृत लिनुपर्ने
- सदस्य केन्द्रीयता
- स्वार्थ वाझिने निर्णयमा सहभागीतामा प्रतिबन्ध
- कर्मचारीसँगको कारोबारमा निर्वन्धन
- जोखिम मूल्यांकन
- कारोबार नगरिने
- कारोबारको लेखा

Scanned with CamScanner

- खाताबही
- आन्तरिक हिसाब जाँच
- वार्षिक हिसाब जाँच
- विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्यांकन गर्नुपर्ने
- अन्य आधारभूत कागजात
- एकीकृत सूचना प्रणालीमा आवद्यता
- दर्ता अधिकारी वा दर्ता अधिकारीबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन
- बित्तीय जानकारी एकाइमा प्रतिवेदन
- साधारण सभामा जानकारी गराउनु पर्ने
- सूचनाको हक ताथ अग्रतापूर्ण खुलासा
- सूचनाको संरक्षण
- ह्कवालाको मनोनयन ८१ हकदावी वा नामसारी
- निर्वाचन
- सपथ ग्रहण
- एकीकरण वा विभाजन
- कार्यान्वयन अधिकारी
- मध्यस्थता
- समानता रसमता
- विनियम संसोधन
- साधारण सभाले कार्यविधि वनाउन सक्ने
- व्याख्या गर्न अधिकार
- ऐन, नियंमावलीसँग बाझिएकोमा अमान्य हुने
- विविध
- खारेजी र वचाउ ।
- हकदावी वा नामसारी

(क) संस्थाको विनियम २०.........साल खमरेज गरिएको छ ।

(ख) विनियम ..................बमोजिम भए गरेको काम कारवाही यसै बिनियम बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
प्रदिप कुमार निरौला
प्रमुख प्रशासकीय अधिकृत
वीरगंज महानगरपालिका कार्यालय

Scanned with CamScanner